# श्रम इजाजतका लागि आवश्यक काजगातहरू

(श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ विदेशी श्रमिकहरूको श्रम इजाजत व्यवस्थापन सम्वन्धी मार्गदर्शन २०७५ अनुसार )

१. श्रम इजाजतका लागि अनुसुची १ बमोजिमको ढाँचामा निवेदन,
२. काम गर्न चाहेको व्यक्तिको पासपोर्ट, मान्यता प्राप्त भिसा/पासपोर्टको अवधि ६ महिना भएको,
३. काम गर्न चाहेको व्यक्तिको व्यक्तिगतत विवरण (बायोडाटा),
४. कम्पनी दर्ता प्रमाण पत्र,
५. कर दर्ता प्रमाण पत्र, कर तिरेको प्रमाण पत्र (Tax Clearance)
६. विज्ञापनको प्रति (विज्ञापन भए विदेशी राख्नु पर्ने आधार प्रमाण सहित छनोट विधि र छनौटमा नपरेकाहरूको विवरण समेत उल्लेख गर्नुपर्ने ।) साथै विभागको जव पोर्टल www.jobkhoj.gov.np मा समेत राखी सो को प्रमाण स्क्रीनसट पेश गर्नुपर्ने छ ।
७. विज्ञापनबाट कामदार छनौट भएको अवस्थामा प्रतिस्थापना गर्ने भए प्रतिस्थापन गर्ने व्यक्तिको नाम,
८. सम्झौताबाट श्रम इजाजत लिनेको हकमा सम्झौतामा उल्लिखित श्रम इजाजत सम्वन्धी व्यहोरा हाइलाइट गरिएको सम्झौताको प्रतिलिपी,
९. नविकरण गर्ने भए प्रगति प्रतिवेदन,
१०. सम्वन्धित मन्त्रालय/विभाग/निकायको सिफारिस,
११. गृह मन्त्रालयको कार्यसहमति पत्र,
१२. प्रतिव्यक्ति रू. १५,०००।- (छ महिनासम्मको) वा रू. २०,०००।- (छ महिना भन्दा वढी अवधिको लागि) दस्तुर तिरेको भौचर,
१३. नयाँ श्रम इजाजत लिनुपर्ने हकमा २ प्रति फोटो, नविकरणको लागि १ प्रति फोटो,
१४. सम्वन्धित संस्थामा हाल कार्यरत कुल कामदार संख्या, विदेशी कामदार संख्या नेपाली कामदार संख्या खुल्ने नामनामेसी विवरण,
१५. ठुलो संख्यामा विदेशी कामदारले श्रम इजाजत माग गरेको अवस्थामा आवश्यकता र उपयुक्तता हेरी महानिर्देशकले तोकेको अधिकारीले स्थलगत अध्ययन र जाँचबुझ गरी श्रम इजाजत सम्वन्धी कारबाही अगाडि बढाउने,
१६. उपरोक्त बाहेकका विदेशी कामदारहरूको हकमा सम्बन्धित व्यक्तिलाई श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा उपस्थित गराई नियमानुसार सोधपुछ र जाँचबुझ गरी श्रम इजाजतको कारबाही टुङ्ग्याउने ।

**ध्यान दिनुपर्ने**

१. विभागमा निवेदन दिँदा श्रम इजाजत माग गरिएका व्यक्तिहरूको Visa Update (Valid) भएको हुनुपर्ने, अन्यथा जरिवाना हुने ।
२. नवीकरणको हकमा म्याद सकिनु १ महिना अगावै विभागमा निवेदन दर्ता भएको हुनुपर्ने अन्यथा जरिवाना हुने,
३. पेश भएको कागजातहरूको पुञ्जीका (Check List) सहित पेश गर्नुपर्ने ।

०८२-०८-१२

गैरनेपाली तथा श्रमिक आपुर्ति व्यवस्थापन शाखा
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग